**छिपहरमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिस्वा, पर्सा**
**प्रदेश नं. २, नेपाल**

# पोखरी ठेक्का सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७७/०६/११

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ बमोजिमयस छिपहरमाई गाउँपालिकाको स्वामित्वमा रहेका तपसिल बमोजिमको सार्वजनिक पोखरीहरुमा माछा पालन गरी बिक्रि वितरण तथा उपभोग गर्न पाउने गरी सिलबन्दि दरभाउपत्रबाट ठेक्का अवधि ५(पाँच) वर्षको लागि हुने गरी गाउँसभाको निर्णय अनुसार यस कार्यलाई निरन्तरता दिन निम्न सर्तहरुको अधिनमा रहने गरी इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक शिलबन्दी दरभाउपत्र दरखास्त आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र नेपाली नागरिकताको प्रतिलिपि सहित रु. १०/- को टिकट टाँसी यस गाउँपालिकामा दरखास्त दिन हुन यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

| ठेक्का नं | ठेगाना वडा नं. | पोखरीको नाम | क्षेत्रफल वर्ग फि.मा | कठ्ठा | न्यूनतम ठेक्का रकम प्रति कठ्ठा | प्रति वर्ष |
|---|---|---|---|---|---|---|
| १/२०७७/०७८ | साविक गा.वि.स. सम्भौता वडा नं. ८ हाल छिपहरमाई गा.पा.२ वडा टिहुकी | छठियाघाट पोखरी वडकी टिहुकी | १४०३४ | ०-३-१७ | ४,७३१।८६ | १५,०००।०० |
| २/२०७७/०७८ | साविक गा.वि.स.सम्भौता वडा नं.१ हाल छिपहरमाई गा.पा.२ सेढापर | स्कूल स्थान पोखरी सेढापर | १६,०६८ | ०-४-८ | ४,१६६।६६ | २,०००।०० |
| ३/२०७७/०७८ | साविक गा.वि.स. सम्भौता वडा नं. २ हाल छिपहरमाई गा.पा.२ भेडिहर्वा | भेडिहर्वा पोखरी | २१,५०६ | ०-५-१८ | ३,४७४।९० | १८,०००।०० |
| ४/२०७७/०७८ | साविक गा.वि.स. भिस्वा वडा नं. ९ हाल छिपहरमाई गा.पा.५ भिस्वा | भिस्वा पोखरी | ९४,७७० | १-६-० | २६,०००।०० | १०४,०००।०० |
| ५/२०७७/०७८ | साविक गा.वि.स. तुल्सीवर्वा वडा नं. ६ हाल छिपहरमाई गा.पा.४ तुल्सीवर्वा | डबरी पोखरी तुल्सीवर्वा | २६४२६ | ०-७-६ पोखरी रहेको जग्गा ०-४-० | ३०००।०० | १२०००।०० |

<u>सर्तहरू</u>

१. ठेक्का लिने फर्म वा व्यक्तिले खामको बाहिर पटी ठेक्काको नम्बर, पोखरीको नाम, ठेगाना र छिपहरमाई गाउँपालिकाको कायलिय, भिस्वा भनी प्रष्ट लेख्नुपर्नेछ।

२. सिलबन्दि दरभाउपत्र निवेदनबाटै खरिद गर्नु पर्नेछ।

३. निवेदन दर्ताको लागि पछि फिर्ता नहुने गरी यस गाउँपालिकाको कार्यालयबाट रु. १,०००/- (एक हजार मात्र) को नगदी रसिद लिई निवेदन साथ पेश गर्नु पर्नेछ।

४. ठेक्काको हकमा सूचना प्रकाशित मितिले ७ औं दिनको १:०० बजे भित्र छिपहरमाई गाउँपालिकामा निवेदन दर्ता गराई सक्नु पर्नेछ र सोही दिनको २:०० बजे यस कार्यालयमा सिलबन्दि दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा शिलबन्दी दरभाउपत्र खोलिने छ। उक्त दिन बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ। शिलबन्दी दरभाउपत्र खोलिने मिति र समयमा दरभाउपत्रदाताहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकालाई मान्यता दिइनेछ। म्याद

५. शिलबन्दी दरभाउपत्रमा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ।
नाघी वा रीत नपुगी प्राप्त भएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।
ठेक्काकेदारले रकम बुझाएपछि मात्र ठेक्कामा भागलिन पाउने छन्।

६. गत विगत वर्षहरुमा यस गाउँपालिकालाई बुझाउनु पर्ने ठेक्का रकम नबुझाउने ठेक्केदारले रकम बुझाएपछि मात्र ठेक्कामा भागलिन पाउने छन्।

७. निवेदनको साथ आफूले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको एन आई सि एसिया भिस्वा शाखामा रहेको हि.नं. L6CA000187452404 धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस गाउँपालिकाको नाममा जारी गरेको ९० दिन म्याद भएको बिड बण्डको सक्कलै प्रति संलग्न गर्नु पर्नेछ।
दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहने छ।

८. ठेक्का सम्झौता गर्दा कुल ठेक्का अंकको प्रथम किस्ता बापत हुन आउने रकमको १०० प्रतिशत नगदै बुझाउनु पर्नेछ।

९. ठेक्काको हकमा ठेक्का सम्झौता गर्दा कुल ठेक्का अंकको प्रथम किस्ता बापत हुन आउने रकमको... सम्पूर्ण किस्ता चुक्ता गरी सकेपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ।

१०. ठेकेदारले सम्झौता बमोजिम सम्पूर्ण किस्ता चुक्ता गरी सकेपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ। कुनै शुल्क, कर, दस्तुर इत्यादी तिर्नुपर्ने दायित्व ठेकेदारको रहनेछ।

११. ठेक्का लिए बापत प्रचलित कानुन बमोजिम कुनै शुल्क, कर, दस्तुर इत्यादी तिर्नुपर्ने दायित्व ठेकेदारको रहनेछ।

१२. ठेक्का स्वीकृत भई गाउँपालिकाले माग गरे बमोजिमको पहिलो किस्ता रकम दाखिला गरी सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ। ठेक्का सम्झौता गरेपछि कार्यालयबाट चलन पुर्जी लिई तोकिएको मितिबाट ठेक्का सञ्चालनगर्न पाईनेछ।

१३. ठेक्का चलन गर्दा प्रचलित कानून अनुसार मात्र चलन गर्नुपर्ने छ। गाउँपालिका वा सार्वजनिक हित विपरित कुनै पनि कार्य गर्न गराउन ठेकेदारले पाउने छैन।

१४. दरभाउपत्र स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ।

१५. ठेक्का सम्बन्धी कुनै विवाद भएमा गाउँपालिकाको निर्णय नै मान्यहुनेछ।

१६. नेपाल सरकार र छिपहरमाई गाउँपालिकाको कार्यालयबाट समय समयमा दिइने निर्देशनको पालनागर्नु ठेकेदारको कर्तव्य हुनेछ। सो पालनको कारणबाट समान्य क्षति वा घाटा भएको भनी क्षतिपूर्ति वा मिनाहा, छुट केही पनि प्राप्त हुने छैन।

१७. यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

नोट : अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराइन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner